दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६२ | बुटवल | २०८१ असोज ०१, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Sept.17, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**संविधानको रक्षार्थ सबै जुटौं।**

संविधान देशको मूल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो।
-संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो।
-संविधानको मर्म अनुरुप निर्माण गरिएका कानूनको राज्यका निकायहरुको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ।
-संविधानसँग बाँझिने कानून, नीति तथा विधिहरु अमान्य हुन्छन्, त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो।

नेपाल सरकार विज्ञापन बोर्ड

# 'अब सहकारी बोर्ड र विभाग खारेज, प्राधिकरण स्थापना'

**संसदीय समितिले रवि लामिछानेसहित चारजनालाई कारबाही गर्नुपर्ने सिफारिश गरे पनि लामिछाने स्वयं र रास्वपाका नेताले भने लामिछानेले क्लिनचिट (सफाइ) पाएको दाबी गरेका छन्।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिले सहकारी नियमनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण बनाउन सिफारिस गरेको छ। प्राधिकरण स्थापना भएपछि राष्ट्रिय सहकारी विकास बोर्ड र सहकारी विभागको आवश्यकता नरहने हुँदा खारेज गर्नुपर्ने समितिको निश्कर्ष छ। सहकारी प्राधिकरण तीन महिनाभित्र स्थापना गर्नुपर्ने, स्थापना नहुँदासम्म सहकारी ऐन २०७४ र नेपाल राष्ट्र बैङ्क ऐन २०५८ मा २०८० चैत ३० गते भएको संशोधन बमोजिम २०८१ असार मसान्तको लेखापरीक्षण प्रतिवेदनलाई आधार मानी पचास करोड रुपैयाँ वा सोभन्दा बढी कूल सम्पत्ती भएका वा वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन २०५८ बमोजिम नियमन तथा सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

समितिबाट सर्वसम्मत पारित भएपछि समितिका सभापति सूर्यबहादुर थापाले प्रतिनिधिसभामा पेश गरेको प्रतिवेदनमा यस्तो सिफारिस गरिएको हो।

प्रतिवेदनमा भनिएको छ-'सहकारी संस्थाको नियमनका लागि दोस्रो तहको नियमनकारी निकायका रुपमा सहकारीसम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग प्रत्यक्ष समन्वयमा रही काम गर्ने गरी स्वायत्त संसथाका रुपमा सहकारी प्राधिकरण स्थापन गरिनुपर्ने।'

तर प्राधिकरण स्थापना गर्दा केही कुरामा ध्यान दिनुपर्ने पनि सुझाव दिएको छ। जसमा सहकारीको सञ्चालन इजाजतपत्र प्रदान गर्ने, नियमित रुपमा नियमन (नियम जारी गर्ने वा निर्देशन दिने) गर्ने एवम् सुपरीवेक्षण गर्ने, सुपरिवेक्षणको क्रममा देखा पर्ने कैफियत कार्यान्वयन गर्ने गराउने र नगरेमा कारबाही गर्ने अधिकार प्राधिकरणलाई दिइनुपर्ने उल्लेख छ।

प्राधिकरण स्थापना गर्दासहकारीको सञ्चालन इजाजतपत्र प्रदान गर्ने नियमित रूपमा नियमन (नियम जारी गर्ने वा निर्देशन दिने) गर्ने एवं सुपरीवेक्षण गर्ने, सुपरीवेक्षणको कममा देखापर्ने कैफियत कार्यान्वयन गर्ने, गराउने र नगरेमा कारबाही गर्ने अधिकार दिइनुपर्ने, बचत तथा ऋणको कारोबार गर्ने सबै सहकारी र वित्तीय कारोबार गर्ने सबै तहका संस्थाहरूलाई नियमन, सुपरीवेक्षण, कार्यान्वयन र कारबाही गर्ने अधिकार दिनुपर्ने उल्लेख छ। सञ्चालक समितिमा विषयविज्ञ र अनुभवी व्यक्तिहरूको आवश्यकता रहने हुँदा, नेपाल सरकार, नेपाल राष्ट्र बैंक र सहकारी क्षेत्रका जानकार र विज्ञ व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नुपर्ने, आवश्यक विज्ञ जनशक्ति (जस्तैः सहकारी, बैंकिङ्, चार्टर्ड एकाउण्टेन्ट तथा व्यवस्थापन) को योग्यता निर्धारण, छनोट, भर्ना, पदोन्नति एवं यसै निकायभित्र मात्र सरूवा गर्ने गरी संस्थागत स्मरण समेतलाई ध्याद दिइनुपर्ने, पच्चीस करोड रुपैयाँभन्दा बढी कूल सम्पत्ति भएका सहकारीले प्राधिकरण गठन भएको मितिले ६ महिनाभित्र वित्तीय कारोबार सञ्चालन इजाजतपत्र लिनुपर्ने गरी कानुनी प्रबन्ध गर्नुपर्ने समितिको सिफारिश छ।



सहकारीको नियमन तथा सुपरीवेक्षणका लागि कानुनले अधिकार दिएबमोजिम निर्देशिका, मापदण्ड तथा कार्यविधि जारी गर्ने अधिकार दिनु पर्ने, प्राधिकरण गठन नभएसम्म नेपाल राष्ट्र बैंक र सहकारी विभागको संयुक्त अनुगमन टोलीले ठूलो वित्तीय कारोबार गर्ने सहकारीलाई प्राथमिकतामा राखी सहकारीको अनुगमनलाई नियमितता दिनुपर्ने, बैंक तथा वित्तीय संस्थाको उपस्थिति बाक्लो रहेका शहरी वा अर्धसहरी क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई कम संख्यामा कायम राख्ने नीति लिई एकीकरणलाई प्राथमिकता दिने, सहकारी बैंकलाई आवश्यकताअनुसार प्रदेश तहमा समेत बिस्तार गर्ने प्रतिवेदनमा उल्लेख छ।

यस्तै सहकारीहरूलाई पुँजी/वित्तीय परिचालन क्षमताका आधारमा क, ख र ग वर्गमा विभाजन गरी नियमन गर्नु उपयुक्त हुने, सहकारी संस्थाहरूको लेखापरीक्षण सहकारी विकास प्राधिकरणमा सूचीकृत लेखापरीक्षकहरूबाट गराउने प्रबन्ध गर्ने र हरेक वर्ष कम्तीमा एकपटक सहकारी संस्थाको अनुगमन गर्ने र उक्त आर्थिक वर्षको लेखापरीक्षण गर्दा अनुगमनका जनाइएका कैफियत कार्यान्वयन भए, नभएका सम्बन्धमा उल्लेख गर्ने गरी कानुनी प्रबन्ध गर्ने उल्लेख छ।

सहकारी कानुनमा राम्रो नियतले काम गर्दागर्दै लगानी समस्यामा परेकोमा राज्यले हेर्नुपर्ने र सानो क्षती भएको खण्डमा सदस्यहरूले पनि दामासाहीले घाटापूर्ति गर्नु पर्ने र बदनियतले काम गरेका कारण संस्था समस्यामा परेकोमा कानुन बमोजिमको प्रक्रिया अवलम्बन गर्ने गरी किटानी प्रबन्ध गरी सहकारी कानुनलाई समयानुकूल बनाउने पनि प्रतिवेदनमा उल्लेख छ।

सहकारी मूल्य, मान्यता, सिद्धान्त र प्रचलित सहकारी कानुन विपरीत सञ्चालनमा रहेका, आफ्नो विनियममा निर्धारित उद्देश्य विपरीत कार्य गरेका तथा निष्क्रिय अवस्थामा रहेका सहकारी संस्थाहरूको दर्ता खारेजी र विघटन गरी सम्बन्धित संस्थाले नै खर्च व्यहोर्ने गरीलिक्विडेटर नियुक्ति गरी लिक्विडेशन र सम्पत्ति एवं दायित्व फरफारक गर्ने, महासंघ र संघलाई प्रारम्भिक सहकारी सरह बचत तथा ऋण कारोबार गर्न नदिने, सहकारी शिक्षा विषयमा विद्यालय र विश्वविद्यालयका पाठयक्रममा समावेश गर्ने विषय समेत प्रतिवेदनमा उल्लेख छ।

प्राधिकरण गठन नभएसम्म नेपाल राष्ट्र बैंक र सहकारी विभागको संयुक्त अनुगमन टोलीले ठूलो वित्तीय कारोबार गर्ने सहकारीलाई प्राथमिकतामा राखेर सहकारी अनुगमनलाई नियमितता दिनुपर्ने उल्लेख छ।

**लामिछानेसहित चार जनालाई कारबाही सिफारिस**

सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित चार जनालाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ।

सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रालिको खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्नता रहेको भन्दै कारबाही सिफारिस गरिएको हो।

» *बाँकी ३ पेजमा*

# भोगचलनको जग्गा छाडेर मोतीपुर औद्योगिक क्षेत्र बन्छ : अर्थमन्त्री

परम्परागत पुराना कानुनहरु र अव्यवहारिक कर तथा भन्सार नीतिका कारण नेपालमा अझैं पनि उत्साह जाग्ने गरी लगानीमैत्री वातावरण बन्न नसकेको निजी क्षेत्रका अगुवाको गुनासो छ।





**लुम्बिनी संवाददाता**

*बुटवल*

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नयाँ सरकार बनेपछि मुलुक निराशाबाट आशावादी यात्रामा अघि बढेको बताएका छन्। बुटवल उद्योग वाणिज्य संघको ७१औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले ४६ वर्ष यता मुलुकले ५ वर्षको स्थिर सरकार देख्न नपाएको अवस्थामा दुई ठूला दल मिलेर स्थिर सरकार दिने प्रयास गरेपछि देशमा आशाको सञ्चार भएको दाबी गरे। 'अहिलेको सरकारभन्दा गतिलो सरकार यो संसदले बनाउन सक्दैन, यो सरकार बनेसँगै नागरिक र उद्योगी व्यवसायीमा आशा पलाएको छ, यो सरकार २०८४ को चुनावसम्म जान्छ,' पौडेलले भने-'सरकारको स्थिरतासँगै नीतिगत स्थिरतामा पनि सरकारको ध्यान गएको छ।'

विगतका सरकारले निम्त्याएको प्रतिकूलता र ओरालो यात्राबाट अर्थतन्त्रलाई सकारात्मक यात्रामा ल्याउने कोसिस भइरहेको भन्दै उनले हरेक दिन निजी क्षेत्रका समस्या सुन्न तालिका बनाएर सुनेको र समाधानका उपाय खोज्न मद्दत पुगेको बताए। 'निराशाबाट आशावादी र क्रमशः अनुकुलतामा बदल्ने प्रयास भइरहेको छ।'-उनले भने।

मोतीपुर औद्योगिक क्षेत्र निर्माणमा ढिलाइ भएको स्वीकार्दै पौडेलले अब स्थानीयले जोतभोग र भोगचलन गरेको क्षेत्र बाहेकको बाँकी क्षेत्रमा मात्रै औद्योगिक क्षेत्र बनाउने तयारीमा सरकार रहेको प्रष्ट पारे। बुटवल- नारायणगढ र बुटवल-चन्द्रौटा सडक विस्तार, तिनाउमा सिग्नेचर ब्रिज, सिद्धबाबा सुरुङ मार्गको निर्माण सम्पन्न र गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा सञ्चालनपछि रुपन्देही देशकै आर्थिक केन्द्र बन्ने चर्चा गर्दै पौडेलले प्रादेशिक अस्पताल, बीटीआइ, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रले पनि रुपन्देहीको विकासमा टेवा पुराउने बताए। बुटवलमा अर्बौं लगानीमा बनेका लुम्बिनी र सिद्धार्थ केबलकार पनि बुटवलको आर्थिक विकासमा कोसेढुंगा हुने पौडेलको तर्क छ। अर्थमन्त्री पौडेलले सरकारले निजी क्षेत्रका राय सुझावका आधारमा नीतिगत सुधारको थालनी गरिसकेको भन्दै अब ढुक्क भएर लगानी गर्न आग्रह गरे।

सो कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले परम्पपरागत पुराना कानुनका कारण नेपालमा अझैं पनि उत्साहजनक लगानीमैत्री वातावरण बन्न नसकेको बताएका छन्।

अध्यक्ष ढकालले उद्योग व्यवसायसँग सम्बन्धित पुराना र अव्यवहारिक कानुनहरु समयसापेक्ष संशोधन नभएकै कारण लगानीकर्ताहरु निरुत्साहित भएका बताए।

» *बाँकी ३ पेजमा*



दैनिक लुम्बिनी

# सम्पादकीय

## पर्यावरणीय सन्तुलनको सवाल

'मानव र सर्पबीच सहअस्तित्व प्रवर्द्धन' नारासहित रूपन्देहीको शंकरनगर वनबाटिकामा सर्प महोत्सव तथा अन्तर्राष्ट्रिय सर्पदंश जनचेतना दिवस मनाउन थालिएको छ । असोज १ र २ गते हुन लागेको महोत्सवमा सर्पको चिकित्सकीय, पर्यावरणीय, धार्मिक तथा सांस्कृतिक महत्व उजागर हुनेछ। झट्ट सुन्दा सर्प महोसत्वलाई समाजले सहज नलिन सक्छ, किनभने विषालु सर्पले डसेर हरेक वर्ष सयौंको ज्यान गइरहेको छ, नागरिकको ज्यान गइरहेको बेला सर्प बचाउनका लागि महोत्सव गर्ने विषय स्वाभाविक नलागे पनि पर्यावरणीय सन्तुलनका लागि यो राम्रो काम हो ।

महोत्सवमा सर्प विशेषज्ञ, विद्यार्थी र शिक्षक गरी ५ हजार सहभागी हुने अपेक्षा गरिएको छ । सर्पका प्रजातिबारे चिनाउने, सर्पसम्बन्धी चित्रकला, फेस आर्ट, फोटो प्रदर्शनी, सर्पको उद्धार कसरी गर्ने, औजारहरुको प्रयोगका बारेमा जानकारी दिने आयोजकको भनाइ छ । अन्तर्राष्ट्रिय सर्पदंश दिवसको अवसर पारेर यो महोत्सव हुन लागेको यो महोत्सवलाई सफल पार्न बुटवल उप-महानगरपालिका, तिलोत्तमा नगरपालिका र शंकरनगर वन वाटिकाले सहयोग गरेका छन् ।

पर्यावरण र मान्छेबिचको सम्बन्ध अन्योन्याश्रित छ । मान्छे बाँच्नको पर्यावरणीय सन्तुलन आवश्यक छ । पर्यावरणीय सन्तुलन भए अरु जीवजन्तु बाँच्न सक्छन् । पछिल्ला दिनहरुमा वातावरणीय सन्तुलनका बारेमा बहस र छलफल हुन थालेका छन् । जलवायु परिवर्तनको असर संसारभर देखिन थालेको र मान्छेलाई त्यसको असर पर्न थालेकाले वातावरणीय सन्तुलनका बारेमा बहस र छलफल हुनु स्वाभाविकै हो । अझ समाजमा सर्पप्रति नकारात्मक धारणा रहेको विद्यमान अवस्थामा सर्प महोत्सव गर्नु पर्यावरणप्रति समाजलाई नयाँ सन्देश दिनु हो ।

सर्पले मान्छेलाई डस्न खोज्दै हिंड्दैन । सर्पको आहारा मान्छे होइन् । सर्पको आहारा मुसा, भ्यागुता र अन्य किराफट्यांग्रा हो । सर्प हिंड्दा आफू जोखिममा परेको महशुस गर्दा प्रतिकार गर्ने हो । सर्पलाई नदेखेर मान्छेले कुच्दा वा चलाउँदा जोखिममा परेको ठानेर सर्पले डस्ने हो । हाम्रो धार्मिक मान्यताअनुसार नाग देवताका रुपमा नाग पञ्चमीमा पूजाआजा गर्छौ । हाम्रा चाडपर्व पनि पर्यावरणीय दृष्टिले महत्वपूर्ण छन् । धार्मिक मान्यताअनुसार पुज्ने सर्पलाई मार्न हुँदैन भन्ने सन्देश पनि नागपञ्चमीले दिएको छ । तर सर्पलाई शत्रु ठान्नुभन्दा सर्पबाट जोगिने तरिका सिकेर जीवन जिउनु नै उत्तम हो । प्रकृतिमा रहेका सबै प्राणी बाँच्न पाउने अधिकार सुरक्षित हुन सक्दा मात्रै पर्यावरणीय सन्तुलन हुने हो । र, मान्छेको जीवन पनि सहज हुने हो ।

# कमजोर कानुनले भ्रष्टाचार संरक्षण गर्छ



सरोज भट्टराई

*अब ओली प्रशासनले त्यसको पछि नलागेको स्पष्ट पारेपछि सांसदहरूले फरक काममा ध्यान दिनुपर्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन सन् १९९१ को दफा १३ को उपदफा २ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ५ वर्षसम्म भ्रष्टाचारको अभियोग चलाउन समय सीमित गरेको छ। संक्षेपमा भन्नुपर्दा, यदि कसैले भ्रष्टाचार गर्छ र गैरकानुनी रूपमा कमाएको सम्पत्तिको प्रयोग गरी ५ वर्षसम्म अपराधलाई दबाउनका लागि व्यवस्थापन गर्छ भने उसले उन्मुक्ति पाउँछ।*

भ्रष्टाचारका मुद्दामा ५ वर्षको हदबन्दी लगाउने सांसदहरूको निर्लज्ज, तर व्यर्थ प्रयासले नेपालमा भ्रष्टाचारको मात्रा मात्रै होइन, भ्रष्टाचारीलाई गल्तीबाट मुक्त गर्न उनीहरू कतिसम्म जान्छन् भन्ने कुरा पनि स्पष्ट पार्छ। संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरू भ्रष्टाचार निवारण ऐन, २००२ लाई संशोधन गर्न बनेको विधेयकलाई अन्तिम रूप दिने काममा जुटेका छन् । संशोधनमाथि एक सातासम्म व्यापक जनविरोध भएपछि गृहमन्त्री रमेश लेखकले भदौ अन्तिममा केपी शर्मा ओली नेतृत्वको सरकारले प्रस्तावित संशोधनलाई अगाडि बढाउन नसक्ने समितिलाई जानकारी गराएका थिए । तर, विधेयक फिर्ताले जवाफ भन्दा पनि धेरै प्रश्न खडा गर्छ ।

विवादित मुद्दामा ऐनको दफा ४५ समावेश छ, जसमा निजामती कर्मचारीहरूले पद छोडेपछि पनि काममा भ्रष्टाचार गरेको अभियोगमा कारबाही गर्न सकिन्छ भन्ने उल्लेख छ । सादा र सरल, यसले कुनै समय सीमा तोक्दैन, जुन भित्र कानुनी कारबाही सुरु गर्न सकिन्छ। यद्यपी, प्रस्तावित विधेयकले दफा ४५ लाई तीन फरक उपदफामा विभाजन गरेको छ, जसमध्ये उपदफा १ ले त्यस्तो कार्यको जानकारी पाएको ५ वर्षभित्र भ्रष्टाचार मुद्दा चलाउन आवश्यक छ । उपदफा ३ मा सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको दुरुपयोगबाट हुने भ्रष्टाचारमा ५ वर्षको सीमा लागू नहुने उल्लेख छ । ५ वर्षको कानुनी सीमाले भ्रष्टाचारलाई गहिरो जरासम्म पुऱ्याउन सक्षम बनाइदिएको थियो ।

यो विधेयक सन् २०२० को जनवरीमा पहिलोपटक राष्ट्रियसभामा दर्ता भएको थियो, त्यतिबेला ओली प्रधानमन्त्री थिए । ओली नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (एमाले) र पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले सन् २०१७ को आमनिर्वाचनमा गठबन्धन बनाएर २ सय ७५ सदस्यीय सदनमा क्रमशः १ सय २१ र ५३ सिट जितेका थिए । २०१८ मेमा पनि दुई पार्टी एकीकरण भए, तर सर्वोच्च अदालतको आदेशले २०२१ मार्चमा मर्जर रद्द भयो । एमालेका गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दुई तिहाइ बहुमत भएकाले विधेयक राष्ट्रिय सभामा दर्ता भएको थियो । माथिल्लो सदनले २०२३ मार्चमा विधेयक पारित गरेको थियो ।

**नेपालमा भ्रष्टाचारको अनियन्त्रित विस्तार**

कानुनी र राजनीतिक दृष्टिकोणले सीमाबिना फैलिरहेका भ्रष्टाचारको चुनौती 'भ्रष्टाचारमा कुनै सीमा छैन' ।

सो विधेयक अहिले प्रतिनिधिसभामा छ । ७९ सिटसहित दोस्रो ठूलो दलका नेता ओलीले फेरि सरकारको नेतृत्व गरेका छन् । ३२ सिटसहित तेस्रो ठूलो पार्टी रहेको पूर्ववर्ती प्रचण्ड नेतृत्वको सरकारलाई एमालेले दिएको समर्थन फिर्ता लिएपछि ओली असार मध्यदेखि सत्तामा छन् । र, ८८ सिटसहितको सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित अन्य चार गठबन्धनका साझेदारहरूको समर्थनमा ओलीले दुई तिहाइ बहुमत पाएका छन् । सभामुखमा एमालेका देवराज घिमिरे छन् भने राष्ट्रपतिमा नेपाली कांग्रेसका रामचन्द्र पौडेल छन् । ओलीले यस विधेयकलाई राम्ररी अगाडि बढाउने सोचेका थिए । तर, राजनीतिज्ञ, सञ्चारमाध्यम र जनताबिच विरोध र समर्थन ठूलो थियो ।

फलस्वरूप, सरकारले आफ्नो आधा बेकेको योजनाको पाठ्यक्रम परिवर्तन गर्न बाध्य भयो । जसका लागि पाँचवर्षे सीमितताको विधान संहिता बनाइएको थियो । तर, उनीहरूमा यस्तो मूर्खतापूर्ण विचार प्रस्ताव गर्ने हिम्मत हुनु भनेको नेपालको बिग्रिएको राजनीतिक मानसिकताको प्रमाण हो । सार्वजनिक जग्गा गैरकानुनी हडप्ने मुद्दा होस् वा आर्थिक लाभका लागि नेपालीहरूलाई भुटानी शरणार्थीका रूपमा पठाउने मुद्दा होस्, राजनीतिक सम्भ्रान्तहरू चुर्लुम्म भ्रष्टाचारमा डुबेका छन् । गत वर्ष ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अभ्यास सूचकांकले नेपाललाई सयमध्ये ३५ अंक दिँदै १ सय ८० देश र क्षेत्रहरूमध्ये १०८औं स्थानमा राखेको थियो ।

कमजोर न्याय प्रणालीले सार्वजनिक अधिकारीहरूको जवाफदेहितालाई कम गर्छ । प्रस्तावित संशोधन ऐन बनेको भए भ्रष्टाचारमा दण्डहीनता मात्रै बढ्ने थियो । अब ओली प्रशासनले त्यसको पछि नलागेको स्पष्ट पारेपछि सांसदहरूले फरक काममा ध्यान दिनुपर्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन सन् १९९१ को दफा १३ को उपदफा २ ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ५ वर्षसम्म भ्रष्टाचारको अभियोग चलाउन समय सीमित गरेको छ । संक्षेपमा भन्नुपर्दा, यदि कसैले भ्रष्टाचार गर्छ र गैरकानुनी रूपमा कमाएको सम्पत्तिको प्रयोग गरी ५ वर्षसम्म अपराधलाई दबाउनका लागि व्यवस्थापन गर्छ भने उसले उन्मुक्ति पाउँछ । यो अवास्तविक लाग्न सक्छ, तर यो कानुन हो ।

**भ्रष्टाचारको अनियन्त्रित विस्तार र त्यसका सामाजिक र राजनीतिक प्रभावहरूको विश्लेषण**

आदर्श रूपमा, भ्रष्टाचार रोकथाम ऐन सन् २००२ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन सन् १९९१ एकअर्कासँग द्वन्द्व हुनु हुँदैन, तर तिनीहरूले भ्रष्टाचारमा सीमितताको विधानको सन्दर्भमा ठ्याक्कै के गर्छन् । विडम्बनाको कुरा के छ भने १९९० अप्रिलमा बहुदलीय व्यवस्थाको सुरुवात भएको २ वर्षपछि सरकारभित्र भ्रष्टाचार नियन्त्रण गर्ने एउटा महान् लक्ष्यका साथ १९९२ फेब्रुअरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएको थियो । यो एक स्वायत्त संवैधानिक निकाय हो । यद्यपी, यसले नियमित रूपमा साना माछाहरूलाई मात्र पछ्याउने र ठूलाहरूलाई सफलतापूर्वक अभियोजन गर्नका लागि खुट्टा कमाउँदै आएकाले आलोचित बन्दै गएको छ । ऐनको दफा १३ को उल्लिखित उपदफा २ एउटा लुपहोल हो र यसलाई जोड्नुपर्छ ।

पूर्वगृहसचिव प्रेमकुमार राई अख्तियारको वर्तमान प्रमुख आयुक्त हुन् । सो पद भनेको राजदूत नियुक्तिजस्तै राजनीतिक नियुक्ति हो । अन्य मुलुकमा पनि यस्तै चलन छ । तर, यहाँ मुख्य भिन्नता यो हो कि यी पदहरू पार्टी कोटामा बढी र योग्यतामा कम महत्वमा पर्दै आएका छन् । यसरी नियुक्तिकर्ताहरूले पार्टी का हाम्रालाई नियुक्त गर्ने र त्यस्ता व्यक्ति नेताप्रति बफादार हुने गर्छन् । ओलीले २०२१ फेब्रुअरीमा राईलाई नियुक्त गरे । त्यसपछि मन्त्रीहरू र प्रधानमन्त्रीसमेतले मन्त्रिपरिषद् तहका निर्णयहरू कानुनभन्दा माथिका रूपमा लिने दुर्भाग्यपूर्ण अभ्यास छ । यसले ललिता निवासजस्ता नीतिस्तरको भ्रष्टाचारलाई बढावा दिनेबाहेक केही गर्दैन ।

ललिता निवासमा ओली, प्रचण्ड र पाँचपटकका प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भ्रष्टाचारविरुद्ध कसरी सक्रियतापूर्वक लडेका छन् भने उनीहरूले आ-आफ्नै प्रशंसा गर्दै आएका छन् । तैपनि, चप्पल लगाएर काठमाडौं प्रवेश गरेका अधिकांश राजनीतिज्ञ अहिले करोडौंका मालिक कसरी भइसकेका छन् भन्ने जनतालाई आश्चर्य छ। यदि, यी नेताहरू भ्रष्टाचारविरुद्ध लड्न गम्भीरतापूर्वक प्रतिबद्ध छन् भने तिनीहरूले ह्वाइटल ब्लोअरहरू कानुनहरूलाई बलियो बनाएर देखाउन सक्छन्, जसले सुरक्षा र पुरस्कारको बलियो कानुनी ढाँचामार्फत् अगाडि बढ्नेछ । जनताले मनैदेखि प्रशंसा गर्नेछन् । तिनीहरूको निराशाको स्तर यति माथि छ कि कुनै पनि राजनीतिक दल जसले भ्रष्टाचारलाई टाउकामा लिने हिम्मत गर्छ, उसले २०८४ सालको आमनिर्वाचनमा राम्रो प्रतिफल पाउने सम्भावना छ ।

राजधानीबाट

# ५७ अंकले घट्यो नेप्से बजार



काठमाडौं । सोमबार सेयर बजार परिसूचक (नेप्से) मा ५७ अंकको गिरावट आयो । २६३६ बिन्दुबाट सुरु भएको बजार परिसूचक २५८० बिन्दुमा ओर्लिएर कारोबार रोकिएको छ।

यसअघि गएको साउन १० गते परिसूचक २५६८ बिन्दुमा थियो । त्यसपछि बजार उक्लिएर साउन ३१ गते ३००० बिन्दुसम्म पुगेको थियो । ३००० पुगेसँगै बजारमा करेक्सन देखिन थालेको छ।

सोमबार कुल ३१२ कम्पनीको १ करोड ७० लाख ६१ हजार कित्ता सेयर खरिदबिक्री हुँदा ७ अर्ब ३६ करोड १९ लाख रुपैयाँको कारोबार भएको छ। आज २२७ कम्पनीको सेयर मूल्य घटेको छ। १४ कम्पनीको मूल्य बढेको छ भने ३ कम्पनीको मूल्य स्थिर रह्यो ।

आत्मनिर्भर लघुवित्त, हिमालयन हाइड्रो पावर लिमिटेड र जउत्थान सामुदायिक लघुवित्तको सेयर मूल्य १० प्रतिशत हाराहारीमा बढेको छ । त्यस्तै गुडविल फाइनान्स, थ्रिस्टार हाइड्रोपावर, नेपाल फाइनान्स लिमिटेडलगायत कम्पनीको मूल्य भने सबैभन्दा धेरै घटेको छ।

# घरको भान्सा नै औषधिको केन्द्र, कुन पौष्टिक तत्वले के काम गर्छ ?

भोजराज पोखेल

नेपाली उखान नै छ, भान्सानै औषधिको घर हो भनेर । हो त्यसै कुरालाई ध्यानमा दिएर हरेक मानीसले आ-आफ्नो भान्सामा दैनिक प्रयोग हुने खाध्यवस्तुलाई चिनेर नियमित रुपमा खानामा प्रगोग गर्न सकेमा बजारमा प्याकिङको रुपमा तयारी भएका मिसावटयुक्त भिटामिनहरुलाई प्रयोगमा ल्याउन आवश्यक पर्दैन । हामी सबैको भान्सामा दैनिक प्रयोगमा ल्याइने हरेक खाध्यवस्तु अन्न फलफूल तरकारी पशुजन्य पदार्थहरुलाई घरमै विषादीमुक्त तरीकाबाट उत्पादन गरेर आफ्नो भान्सामा प्रयोगमा ल्याउन सक्यौं र त्यसको महत्व बुझेर सेवन गर्न सकेमा सजिलो तरिकाबाट पौष्टिक तत्व प्राप्त गर्न सकिन्छ ।

मानव स्वास्थ्यको लागि आवश्यक पर्ने सम्पूर्ण पोषक तत्वहरु चिनेर प्रयोगमा ल्याउन सकियो भने पोषक तत्व र भिटामिन खोज्न बाहीर जानु पर्दैन । विभिन्न नामका भिटामिनहरु हाम्रो शरीरलाई अति आवश्यक पर्ने थोरै मात्रामा चाहीने तर शरीरको लागी नभै नहुने तत्व अन्तर्रगत पर्दछन् । यति धेरै महत्व भएका तत्वहरु पनि हामी आफैं उत्पादन गर्न सक्ने र आफ्नै भान्सामा प्राप्त गर्न सक्ने भएको हुँदा सम्पुर्ण मानिसले आफ्नै भान्साको प्रयोग गरौं । घरयासी उत्पादनलाई जोड दिऔं । भान्सामा प्रयोग हुने खाध्यवस्तुको महत्व बुझेर घरको भान्सा नै औषधिको केन्द्र सम्झेर प्रयोग गरौं। ताजा शुद्ध र सफा भान्साको प्रयोग गरौं। कामको साथमा आराम र व्यायाम गरौं । तनावमुक्त जीवन बनाऔं तबमात्र जीवन स्वस्थ र तन्दुरुस्त बनाउन सकिन्छ।

**कार्बोहाइड्रेट**

शक्ति प्रदान गर्दछ । शरीरमा ७० देखि ८० प्रतिशत शक्ति यसैबाट प्राप्त हुन्छ ।

यसको नाप्ने इकाइलाई किलो क्यालोरी भनिन्छ।

एक ग्राम कार्बोहाइड्रेट  बराबर चार किलो क्यालोरी शक्ति प्राप्त हुन्छ ।

**प्रोटिन**

यसले कोष तथा कोषिकाहरुको बृद्धि विकास गर्दछ ।

खिइएको कोष तथा कोषिकाको मर्मत संभार गर्दछ ।

समस्टिगत रुपमा भन्नुपर्दा शारीरिक वृद्धि तथा विकास गर्दछ ।

एक ग्राम प्रोटिन बराबर चार किलो क्यालोरी शक्ति प्राप्त हुछ ।

**चिल्लो**

शक्ति प्रदान गर्दछ ।

छालाको हेरचाहा गर्दछ थोरै मात्राले धेरै शक्ति दिन्छ । भिटामिनहरु जस्तैः ए डी ई के लाई शरीरभित्र सन्चालन गर्दछ ।

एक ग्राम चिल्लो बराबर ९ किलो क्यालोरी शक्ति प्राप्त हुन्छ ।

**भिटामिन**

भिटामिनलाई सुक्ष्म पौष्टिक तत्व पनि भनिन्छ । यीनीहरु मानव शरीरलाई ज्यादै थोरै मात्रमा चाीहने तर शरीरलाई नभै नहुने खालका हुन्छन् ।

**भिटामिन ए**

स्वस्थ आँखाको लागि

छालाको हेरचाहाको लागि

शारीरिक वृद्धि विकासको लागि

अन्य रोगको आक्रमणबाट बचाउनको लागि

**भिटामिन बी**

कमजोरी र थकान कम गर्न ।

खाना रुचि बढाउन ।

झाडापखाला र पेलेग्रा हुन नदिन ।

स्मरण शक्ति कायम राख्न ।

**भिटामिन सी**

गिजासम्बन्धी रोग हुन नदिन ।

छालाभित्र रगतका कोषिकाहरु फुट्न नदिन ।

रक्त अल्पताको कमि गर्न ।

विभिन्न रोगको प्रतिरोध गर्न ।

लामो समय सम्म निरोगी राख्न ।

**भिटामिन डी**

शरीरको हाड लाई बलियो बनाउन ।

रिकेट्स र ओस्टिओमालासिया जस्ता हाडसम्बन्धी रोगबाट बचाउँछ ।

क्याल्सियम जस्ता खनिज तत्व सोस्न ।

**भिटामिन**

शरीर भित्रको आवश्यक चिल्लोहरु बचाएर राख्न ।

रातो रक्तकोष बनाउन ।

भिटामिन ए क्यारोटिन जस्ता तत्वहरु बचाइ राख्न ।

कोष तथा कोषिका हरु नस्ट हुन नदिन ।

**भिटामिन के**

शरीरमा चोट पटक लाग्दा अधिक रगत बग्नबाट रोगथामका लागि ।

घाउ चोटपटक छिटो निको पार्न ।

हड्डी बलियो बनाउन ।

खनिज तत्व क्याल्सियम

हड्डी बलियो बनाउन ।

दाँत बलियो बनाउन ।

मांशपेशी चलमलाउन ।

**फलाम**

शरीर भित्र रगत बन्न ।

रक्त अल्पताको कमि गर्न ।

शारीरिक वृद्धि विकास गर्न ।

विभिन्न रोगबाट बचाउन ।

शरीर स्वस्थ राख्न ।

**आयोडिन**

शरीर सुस्त हुन नदिन ।

शरीर फुर्तीलो पारीरहन ।

गलगाँड हुनबाट बचाउन ।

लाटो लठेब्रो हुन नदिन ।

**पानी**

सबै प्रकारका पौष्टिक तत्वलाई शरीरको विभिन्न भागमा पुऱ्याउन सहयोग गर्दछ ।

शरीरको फोहोर मैला बाहिर निकाल्न ।

शरीरमा तातोपना कायम राख्न मद्दत गर्दछ ।

स्वास्थ्य खबरबाट

# महलीसागर बाँधले नेपालको तीन सय विघा धानखेत डुबानमा

**विकास बञ्जाडे**

*कपिलवस्तु*

भारतले एकतर्फी बनाएको महलीसागर बाँधका कारण यशोधरा गाउँपालिकाका किसानको तीन सय विघा धानखेत डुबानमा परेको छ । बाँधका कारण खेत डुबानमा परेपछि किसानले धान रोप्न नपाउँदा वर्षभरीको गुजारा कसरी चलाउने भन्ने चिन्तामा परे पनि सरकारको ध्यान नपुगेको किसानको आरोप छ।

भारतले कपिलवस्तुको सीमा क्षेत्रमा एकतर्फी रुपमा बनाएको महलीसागर बाँधका कारण यशोधरा गाउँपालिकाको करिव ३ सय बिघा खेतीयोग्य जमिन डुबानमा परेको छ। लगातारको वर्षाका कारण विगत दुई सातादेखि डुबान भएपछि किसान समस्यामा परेका छन्। महलीसागर बाँधमा १५ फाटक रहे पनि भारततर्फ पानी जान नपाउँदा नेपाल तिरको खेत हरेक वर्ष डुबान हुने गरेको छ।

यशोधरा गाउँपालिका पाँच भगवानपुर, लोहरौली र भैइसहियामा गरी करिव ३ सय बिघा धान रोप्न तयार गरिएको खेत डुबानमा परेको किसान भगवानदास यादवको दुखेसो छ।

बाँधका कारण खेत डुबानमा परेपछि किसानले बल्लतल्ल रोपेको धान डुब्दा वर्षभरीको गुजारा कसरी चलाउने भन्ने चिन्तामा परेपनि सरकारको ध्यान नपुगेको अर्का किसान घनश्याम यादवको आरोप छ।

उता, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी ठूलो वर्षा हुँदा मात्र किसानको खेत डुबान हुने बताउँदै हाल समस्या नभएको बताउँछन्। सदरमुकाम तौलिहवादेखि ११ किलोमिटर टाढा भगवानपुर, लौहरौली र भैइसहियाका डेढ सय बढी किसान डुबानबाट वर्षेनी प्रभावित हुँदा समेत सरकारी अधिकारीहरुको खासै ध्यान नपुगेको स्थानीय बासिन्दा बताउँछन्।

## अब सहकारी...

विशेष समितिले सहकारीको रकम गोर्खा मिडिया नेटवर्कमा लगाएको ठहरसहित अध्यक्ष जीबी भनिने गीतेन्द्रबाबु राई, गोर्खा मिडिया नेटवर्कका प्रबन्धनिर्देशक लामिछाने तथा सञ्चालकद्वय कुमार रम्तेल र छबिलाल जोशीलाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ।

'कम्पनीका सञ्चालक वा सेयरहोल्डरहरू त्यस्तो संस्थामा मुख्य जिम्मेवार हुन्छन्। सेयर सदस्य, सञ्चालक सदस्य र प्रबन्धनिर्देशकको भूमिका र जिम्मेवारीमा रहेका पात्रहरूले कम्पनीमा प्राप्त हुने रकमप्रति जिम्मेवारी र दायित्वबोध नगर्न मिल्दैन,' समितिको प्रतिवेदन निष्कर्षमा भनिएको छ-'खातावाल हस्ताक्षरकर्ताहरू जसले खाता सञ्चालन अर्थात् वित्त परिचालनमा सहभागी हुन्छन्, त्यसवापत दायित्व ग्रहण ग्रहण गर्नुपर्दछ।'

राई, रम्तेल, लामिछाने र सञ्चालक जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानुन बमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गरेको विशेष समितिले जनाएको छ।

गोर्खा मिडिया नेटवर्कमा सेयर हस्तान्तरण कीर्ते कागजातका आधारमा भएको समितिले जनाएको छ।

राईले ४० वटा कम्पनी खडा गरेको पाइएको समितिका एक सदस्यले बताए।

सहकारी बचत रकम अपचलनमा संलग्न रहेका राईसहित थानबहादुर बुढा मगर-सूर्यदर्शन पोखरा, दिनेश रोक्का-सहारा चितवन, सागर केसी-सुप्रिम बुटवल, तस्वीरण खातुन सानो पाइला, वीरगन्ज र भूपेन्द्र राई (स्वर्णलक्ष्मी, काठमाडौंलाई शीघ्र खोजी गरी कानुनी दायरामा ल्याउन नेपाल सरकारलाई निर्देशन दिएको छ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन संसदले नेपाल सरकारलाई पठाएको छ।

सोमबार प्रतिनिधि सभामा पेस भएको प्रतिवेदन 'आवश्यक कार्यार्थ' नेपाल सरकारलाई पठाइएको हो।

**क्लिन चिट पाइयो : रास्वपा**

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति स्वर्णिम वाग्लेले पार्टी सभापति रवि लामिछानेले सहकारी ठगीको आरोपमा क्लिन चिट पाएको दाबी गरेका छन्।

सोमबार नयाँ बानेश्वरस्थित संघीय संसद भवनमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उपसभापति वाग्लेले सहकारी ठगीको आरोपमा लामिछानेले क्लिन चिट पाएको बताएका हुन्। उनले अहिले सहकारीको वास्तविक ठगहरूको प्रकरण भने उजागर भएको बताए।

वाग्लेले लामिछानेलाई आरोप लगाएर रास्वपालाई क्षती गर्ने मनशायकासाथ संसदीय छानबिन समितिको माग गरिएको भन्दै सो आरोप खारेज भएको दाबी गरे।

'सहकारीको रकम व्यक्तिगत खातामा, कम्पनीमा ल्याउन रवि लामिछानेको भूमिका छ भनेर ठग जस्तो अप्रिय आरोप लगाएर राजनीतिक क्षेप्यास्त्र नै छेडेर रास्वपालाई क्षती गर्न सकिन्छ कि भन्ने मनशायले संसदीय समितिको माग गरिएको थियो,' उनले भने-'त्यो पूर्णरुपमा खारेज भएको छ। रवि लामिछानेजीले आज क्लिन चिट पाउनुभएको छ।'

## भोगचलनको...

'हालै सम्पन्न लगानी सम्मेलनको पूर्वसन्ध्यामा निजी क्षेत्रका छाता संगठनहरुको सुझावका आधारमा सरकारले ८ वटा पुराना कानुन संशोधन गरेर केही सुधार भएको छ, तर त्यो मात्र पर्याप्त छैन, अझैं थुप्रै पुराना कानुनहरु संशोधन गर्नुपर्नेछ,' अध्यक्ष ढकालले भने-'निजी क्षेत्रमैत्री ऐन कानुन र नीतिगत स्थायित्वले मात्रै लगानीकर्तामा लगानी गर्न आत्मविश्वास बढ्छ।'

बैंकहरुमा ठूलो मात्रामा रकम थुप्रिएको, तर लगानी नहुनुको कारण अव्यवहारिक कानुन र नीतिगत अस्थिरता नै भएको ढकालले औंल्याए। नयाँ सरकार र नयाँ अर्थमन्त्री आएपछि निजी क्षेत्रमा केही आशा पलाएको, तर यत्तिले नपुग्ने उनले बताए।

लुम्बिनी प्रदेशमा पर्यटनको प्रचूर सम्भावना रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले भारतीय पर्यटकलाई ठूलो संख्यामा भित्र्याएर विदेशी मुद्रा आर्जनका लागि नीतिगत सुधार गरी सीमाबाट आवत जावत सहज बनाउनुपर्ने बताए।

बुटवलमा बनेका दुई केबलकारमा नेपालीभन्दा भारतीय पर्यटकको संख्या बढी रहेको भन्दै भारतीय पर्यटकलाई सीमा जोडिएका जिल्लाभित्र आवागमनमा लिंदै आएको शुल्क मिनाहा र सहज वातावरण बनाइदिन ढकालले सरकारसँग आग्रह गरे। 'अहिले सीमाबाट ५ किलोमिटर मात्र सवारी साधनमा आउन पाउने व्यवस्था छ, यसलाई कम्तीमा चुरेको फेंदीसम्म वा जिल्लाभर एउटै शुल्कमा घुम्न पाउने नीतिगत व्यवस्था गर्न आवश्यक छ,' ढकालले भने-'भारत उत्तर प्रदेशको २४ करोड जनसंख्यालाई लुम्बिनी प्रदेशमा आकर्षित गर्न सरकारी तहबाट नै वार्ता र संवाद गर्न आवश्यक छ।'

नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्वमा निजी क्षेत्रले १० अर्बको नेपाल डेभलपमेन्ट पब्लिक लि. कम्पनी सञ्चालनमा ल्याएको जानकारी गराउँदै अध्यक्ष ढकालले अब देशभरका उद्योगी व्यवसायीले लगानीको अभावमा खुम्चेर बस्न नपर्ने बताए। 'ठूला परियोजनामा लगानीका लागि विदेशी लगानीकै भर पर्नुपर्छ भन्ने मान्यतालाई निजी क्षेत्रले तोडेको छ, यो कम्पनीको शेयर बन्न र कर्जा लिन सबैलाई ढोका खुला छ।'-ढकालले भने।

सो अवसरमा नगरप्रमुख खेलराज पाण्डेयले बुटवल उप-महानगरपालिकाले यो वर्ष विशेष गरेर बुटवलमा रात्रिकालिन बजार सञ्चालन, मोतीपुर औद्योगिक क्षेत्र निर्माण र समेलारमा यस क्षेत्रकै ठूलो कृषि उपज केन्द्र स्थापनालाई विशेष प्राथमिकता दिइएको बताए।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, वरिष्ठ उपाध्यक्ष टंक गैरे, महासचिव मुक्ति अभिधकारी, पूर्व अध्यक्ष ज्ञानेन्द्र कसजू, रुपन्देही उद्योग संघका अध्यक्ष दिलीप सापकोटालगायतले औद्यौगक विकास, रोजगारी सिर्जना र रुपन्देहीलाई आर्थिक राजधानी बनाउन मोतीपुर औद्योगिक क्षेत्र कार्यान्वयनमा आउन अपरिहार्य रहेको भन्दै ढकालले यसलाई छिटो बनाउन सरकारको ध्यानाकर्षण गराए।

उनीहरुले खुला सीमाका कारण हुने तस्करीले सरकारको कर र राजस्वमा ह्रास आएको, स्वदेशी व्यवसायी मारमा परेको, अग्रीम आयकर अव्यवहारिक रहेकाले परिमार्जन आवश्यक रहेको, व्यवसायको बिमा वापत पाउनुपर्ने रकम भुक्तानीमा समस्या रहेको, मदिरा र सुर्तीजन्यलाई लक्षित गरेर लागू भएको भ्याट अधिकांश वस्तु र सेवामा लगाइँदा व्यवसायी मारमा परेको, मिसम्याचमा जसले त्रुटी गरेको छ, उसलाई मात्र कारबाही हुनुपर्नेमा दुबै पक्षलाई भएको जस्ता समस्या समाधानमा सरकारको ध्यानाकर्षण गराए।

---

## श्री नारायणी गण्डकी आधारभूत विद्यालय

सुस्ता-३, पत्थरकला, नवलपरासी

**सुचना ! सुचना !! सुचना !!!**

### शिक्षक पदपूर्तीको विज्ञापन सम्बन्धमा।

मितिः २०८१/०६/०१

प्रस्तुत विषय सन्दर्भमा सुस्ता गाउँपालिकाको मिति २०६१।०५।३१ गतेको विज्ञापन अनुमति पत्र च.न. ३४८ को पत्र तथा विद्य(ालय व्यवस्थापन समितिको २०८१।०५।३० गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह राहत अनुदान (करार) कोटा विषय गणित शिक्षक पदपूर्तिका लागी तपसिलका योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आहवान गरिन्छ।

**पद** : शिक्षक **विज्ञापन नं.**: ०२ / २०८१/०८ **पद संख्याः** १ (एक)

**तह / किसिमः** नि.मा.वि. तह, राहत अनुदान कोटा विषय गणित (करार)

**उमेरः** १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

**न्युनतम शैक्षिक योग्यताः** मुख्य विषय गणित लिई आई.एड. वा सो सरह उत्तिर्ण

**तलब स्केलः** नेपाल सरकारको नियम अनुसार **दरखास्त दस्तुरः** १५००/- (एक हजार पाँच सय मात्र)

**दरखास्त दिने अन्तिम मिति** : २०८१/०६/१५ गते विद्यालय समय भित्र। **सम्पर्क मितिः** २०८१/०६/१६ गते।

**परीक्षा मिति र परिक्षा केन्द्रः** सम्पर्क मितिका दिन तोकिने छ। **परीक्षा किसिमः** लिखित र अन्तरवार्ता

**आवश्यक कागजातहरुः** हस्त लिखित निवेदन, शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपी,नेपाली नागरिक्ताको प्रतिलिपी, अध्यापन अनुमती पत्र प्रतिलिपी, निरोगिता प्रमाण पत्र।

**सम्पर्क नम्बरः** ९८५७०१३६००, ९८१७४५७६४०

**राज कुमार जैसवाल**
**प्रधानाध्यापक**

---

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, चन्द्रकोट गा.पा. वडा नं. ८, बस्ने श्री नाम थाहानभएकोको नाति श्री रुकमागत अर्यालको छोरा श्रीमति दिल कुमारी अर्याल भन्ने दिल कुमारी को श्रीमान बर्ष ६९ को श्री उपेन्द्रराज अर्याल भन्ने उपेन्द्रराज शर्मा (नागरिकता नं. ५०८ जि.प्र.का गुल्मी मिति २०४४/१२/०४ मा जारी) को मिति २०८१/०४/३२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०००९३ र १९११५२४१४१७९४५ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती दिल कुमारी अर्याल भन्ने दिल कुमारी ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री उपेन्द्रराज अर्याल भन्ने उपेन्द्रराज शर्मा (नागरिकता नं. ५०८ जि.प्र.का गुल्मी मिति २०४४/१२/०४ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४**

---

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

अर्घाखाँची जिल्ला खनदह गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल अर्घाखाँची जिल्ला, मालारानी गा.पा. वडा नं. ३, बस्ने श्री नाम थाहा नभएकोको नाति श्री शसिधर खनालको छोरा श्रीमति हिमकला खनालको श्रीमान बर्ष ७८ को श्री तुल्सीराम खनाल भन्ने तुल्सीराम शर्मा (नागरिकता नं. १२०५३/३६३८/४३६ जि.प्र.का अर्घाखाँची मिति २०४४/०१/०३ मा जारी) को मिति २०८०/०८/०२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१०१५, २२८३५२४२२०२०८७ र २२८३५२४२२०२६६४ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री तेज प्रसाद खनाल ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री तुल्सीराम खनाल भन्ने तुल्सीराम शर्मा (नागरिकता नं. १२०५३/३६३८/४३६ जि.प्र.का अर्घाखाँची मिति २०४४/०१/०३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४**

---

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला विसुखर्क गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, चन्द्रकोट गा.पा. वडा नं. २, बस्ने श्री पुर्णे सुनारको नाति श्री खिमे सुनारको छोरा श्रीमति पुर्नी सुनार भन्ने पुर्नीम राइनी को श्रीमान बर्ष ७५ को श्री बले सुनार भन्ने बल बहादुर राई (नागरिकता नं. ९८३/०४१/०४२ जि.प्र.का गुल्मी मिति २०४१/१०/२३ मा जारी) को मिति २०७९/०३/०९ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४८४९ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती पुर्नी सुनार भन्ने पुर्नीम राइनी ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री बले सुनार भन्ने बल बहादुर राई (नागरिकता नं. ९८३/०४१/०४२ जि.प्र.का गुल्मी मिति २०४१/१०/२३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४**

---

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको एलआइ सी नेपाल लि.को बिमालेख यही मिति २०८१।०४। १२ गते भुमहीदेखि परासी जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : **कञ्चन कुमारी चौधरी**
**ठेगाना** : **प्रतापपुर-३, नवलपरासी**
**बिमालेख नं.** : २५१११८९८०
**सम्पर्क** : ९८१५४१७६९१

---

## KAWASOTI MUNICIPALITY

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

## GANDAKI PROVINCE, NEPAL

# Invitation for Bids

**Date of Publication: 2081/06/01**

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S.N. | Contract No. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 06/KM/NCB/2081/82 | Ward No 2 and 3 Ko Bibhinna Sthan Ko Bato Starnotti | 4227395.82 | 2081/07/01, BS) Upto 12Hr | 120 days | 1,30,000 | 3000.00 |
| 2. | 07/KM/NCB/2081/82 | Ward No 16 ko Bibhaan Sthaan ko bato starnotti | 5168591.37 | 2081/07/01, BS) Upto 12Hr | 120 days | 1,60,000 | 3000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

---

## श्री शिवशक्ति आधारभूत

**कञ्चन-४, शिव मन्दिर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१।०६।०१

प्रस्तुत विषयमा जिल्ला रुपन्देही कञ्चन गाउँपालिका च.नं २१९ मिति २०८१- ०५-१७ गतेको विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०६/३० गतेको निर्णय अनुसार आ.व २०८१/०८२ को लागि आधारभूत तह विज्ञान विषयको (शिक्षण सिकाइ अनुदान कोटा) मा खुल्ला विज्ञापनद्वारा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट तपसिल बमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१. बिज्ञापन - ०१/२०८१/८२
२. आवश्यक पद - आधारभूत तह
३. विषय - विज्ञान
४. पद संख्याः १
५. आवेदन दस्तुर : रु १५००।- (एक हजार पाँच सय)
६. उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. योग्यता : विज्ञान मूल विषय लिई कम्तिमा प्रविणता तह उत्तिर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त।
८. दरखास्त दिने अन्तिम मिति : २०८१/०६/१४
९. सम्पर्क मिति : २०८१/०६/१५
१०. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता, कक्षा अवलोकन
११. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ।
१२. **आवश्यक कागजात**
- हस्तलेखन निवेदन १
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ थान
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

१३. सम्पर्क नं :९८६०९८९७१८ र ९८६७२६३९३६

पुनश्चः शिक्षा सेवा आयोगको करार सूचीमा सूचीकृत उम्मेदवारलाई प्राथमिकता रहने छ।

प्रधानध्यापक
श्री शिवशक्ति आधारभूत विद्यालय
कञ्चन-४, रुद्रपुर, रुपन्देही


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२





**ह्विलचियर हस्तान्तरणः**
बाल दिवसको अवसरमा आयोजित बुटवल उप-महानगरपालिकाले बौद्धिक अपाङ्ग भएका सुस्त मनस्थिति बालविद्या मन्दिर बुटवल-७ का विद्यार्थीलाई खाजा खुवाउने कार्यक्रममा बुटवल-१३ जवइ टोल निवासी विपन्न परिवारका शारीरिक तथा बौद्धिक अपाङ्ग भएका भुपेन्द्र पहराइलाई विद्यालयले ह्विल चियर हस्तान्तरण गरेको थियो । उक्त कार्यक्रममा बुटवल उप-महानगरपालिकाकी सामाजिक महा शाखा प्रमुख तुलसा अर्याल, विद्यालयका अध्यक्ष लोकनाथ भुसाल तथा प्राचार्य मीना भुसाललगायतको उपस्थिति रहेको थियो । *तस्विरः सुस्त मनस्थिति बालविद्या मन्दिर*

# ३६औं झरना रनिङ शिल्ड असोज २ बाट



तिलोत्तमा । झरना स्पोर्टस् क्लब तिलोत्तमा-६ कुन्जलापुरको आयोजनामा ३६औं झरना रनिङ शिल्ड फुटबल प्रतियोगिता असोज २ गतेबाट हुने भएको छ । सोमबार क्लबले पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारी पूरा भएको जानकारी गराएको हो । क्लबका अध्यक्ष धनेन्द्र पौडेलले यसपटक स्वर्गीय खगी गुरुङ सेनीको स्मृतिमा प्रतियोगिता हुने बताए । कुन्जलापुरस्थित उमा आधारभूत विद्यालयको खेल मैदानमा हुने प्रतियोगितामा रुपन्देहीका १३ र बाहिरी जिल्लाका ३ गरी १६ टिमले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिताको उपाधि विजेताले नगद ३ लाख ३१ हजार रुपैयाँ, उपविजेता टिमले १ लाख ८१ हजार रुपैयाँ तथा सेमिफाइनलमा पुग्ने दुई टिमलाई जनही नगद २५ हजार रुपैयाँ नगद पुरस्कार पाउने अध्यक्ष पौडेलले बताए । प्रत्येक खेलमा म्यान अफ दि म्याचलाई ३ हजार, विधागतरुपमा उत्कृष्ट खेलाडीहरुलाई १० हजार र सर्वोत्कृष्ट खेलाडीलाइ १५ हजार रुपैयाँबाट पुरस्कृत गरिने उनले बताए । प्रतियोगिता सम्पन्न गर्न २२ लाख खर्च हुने अनुमान रहेको उनले बताए ।

यसपटक दर्शकको सुविधालाई विशेष ध्यानमा राखेर स्थायी प्यारापिट निर्माण गरिएको क्लबका संरक्षक लोक पुनले बताए । १८ लाख रुपैयाँ लागतमा मैदानको उत्तरतर्फ आकर्षक प्यारापिट तयार भएको उनले जनाए । बर्सेनि शिक्षा, स्वास्थ्यको क्षेत्रमा समेत योगदान दिँदै आएको उनले बताए ।

कार्यक्रममा खेलकुद पत्रकार मञ्चका अध्यक्ष सुमन अधिकारीले रुपन्देहीकै गौरवको रुपमा झरना रनिङशिल्ड रहेको बताए । खेल प्रतियोगितासँगै खेलाडी उत्पादनमा समेत यस क्षेत्रका फुटबल क्लबहरु लाग्न समेत उनले सुझाव दिए ।

हरेक दिनको खेल दिउँसो ३ बजेदेखि सुरु हुने खेल संयोजक विजय पुनले बताए । प्रतियोगितामा गतवर्ष भूपूसैनिक युवा क्लब विजेता रहेको थियो ।

प्रतियोगिता हेर्न आउने दर्शकसँग लिइने पार्किङ शुल्कको रकम ब्लड क्यान्सरको उपचार गरिरहेका युवा खेलाडी अंकितलाई सहयोग गर्ने पत्रकार सम्मेलनमा क्लबले जानकारी गराएको छ । क्लबले फुटबल प्रतियोगिताको आयोजनासँगै विभिन्न सामाजिक काम, सरसफाइलगायतका कामहरु गर्दै आएको अध्यक्ष धनेन्द्र पौडेलले बताए । पत्रकार सम्मेलनमा नयाँ डिजाइनको शिल्ड अनावरण गरिएको थियो ।

# जेको जे ६ इभी कार बुटवलमा बिक्री सुरु



बुटवल । जेको जे ६ इभी गाडीको नेपालका लागि आधिकारिक वितरक रहेको एसपीजी अटोमोबाइल्सको बुटवल र भैरहवाका लागि ओमोड़ा र जेको कारको आधिकारिक वितरक सीद्धि विनायक मोटर्सले बुटवल तथा भैरहवामा रहेको शोरुमबाट नेपालकै पहिलो विद्युतीय अफरोड़ एसयुभी कार जेको जे ६ सार्वजनिक गरेको छ ।

बुटवल र भैरहवामा ओमोडा ई ५ लक्सको बिक्री वितरण गर्दै आइरहेको सीद्धि विनायक मोटर्सले सो अवसरमा जेको जे ६ सार्वजनिक गर्नुको साथै ओमोड़ा ई ५ को अर्को भेरिएन्ट डिलक्स समेत सार्वजनिक गरेको हो । ओमोड़ा ई ५ डिलक्सको मूल्य ५५ लाख ९९ हजार र लक्सको मूल्य ६१ लाख ९९ हजार रुपैयाँबाट प्रारम्भ हुने सीद्धि विनायक मोटर्सले जानकारी गराएको छ । ओमोड़ा ई ५ नेपाली बजारमा उपलब्ध प्रमुख इभि ब्रान्ड हो र यसले ४३० किलोमिटर लामो रेन्ज दिन्छ भने १८० एमएम ग्राउण्ड क्लियरेन्स र ९९ किलोवाटको मोटर पावर रहेको कम्पनीले जनाएको छ । जेको जे ६ को प्रारम्भिक मूल्य ६९ लाख ९९ हजार रुपैयाँ र फेस्टिभ डिस्काउन्ट ३ लाख रुपैयाँ छुटका साथ उपलब्ध हुनेछ ।

यो लिथियम आइरन फस्फेट ब्याट्रीयुक्त रहेको र यसले ४ सय किलोमिटर (डब्लुएलटिपि) रेन्ज भएको यसमा १३५ किलोवाट मोटरपावर रहेको र यसले १८४ पिएस पावर र २२० एनएमको टर्क दिन्छ । फ्रन्ट तथा रियर ड्युअल मोटर रहेको यसले शून्यदेखि १०० किलोमिटरको गति १०.०५ सेकेन्डमा प्राप्त गर्छ । यसमा सुरक्षाको लागि ६ वटा एयरब्याग साथै प्यानारोमिक सनरुफ, १५.६ इन्चको सेन्ट्रल कन्ट्रोल सिस्टम, टच स्क्रिन, प्रिमियम क्वालिटी इन्फिनिटी साउण्ड सिस्टम रहेकोछ ।

नेपालमा एडभान्स टेक्नोलोजी र इनोभेटिभ डिजाइनसहितका सवारी साधनका साथै चार्जिङ तथा सर्भिस स्टेसन नेटवर्क विस्तारको लागि एसपिजी अटोमोबाइल्स प्रतिबद्ध रहेको जनाएको छ । बुटवलको साथै नेपालभर १५ भन्दा बढी सर्भिस नेटवर्क छन् भने आगामी केही महिनाभित्रै ५० भन्दा बढी क्षेत्रहरुमा चार्जिङ स्टेसन विस्तार गरिने जनाएको कम्पनीले छ ।

# १४९९औं मोहम्मद जयन्ती मनाइयो




मोहम्मद हबिब
भैरहवा

भैरहवासहित विश्वव्यापी रुपमा १४९९औं मोहम्मद जयन्ती मनाइएको छ । भैरहवामा ५ दशक अघिदेखि जन्मोत्सवको अवसरमा निकालिँदै आएको र्‍यालीलाई यस वर्ष पनि उत्साहका साथ निरन्तरता दिइएको छ । इस्लामिक धर्म गुरु पैगम्बर हजरत मोहम्मदको जन्म दिनकै अवसरमा रुपन्देहीको भैरहवामा र्‍याली, जश्ने इद मिलादको कार्यक्रम, खाना वितरण, रक्तदान, बिरामीलाई फलफूल वितरण, जीवनी वाचन, उपदेश र वाणीहरुको स्मरण गर्दै जन्मदिन मनाइएको हो ।

मुस्लिम समुदायको महत्वपूर्ण यस दिनमा उनको अनुसरण सबैले गर्नुपर्ने भन्दै खुशियालीको रुपमा पर्व मनाउने गरेका छन्, भैरहवामा रहेको मदरसा अहले सुन्नत कठौतियाले निरन्तर अगुवाइ गर्दै आएको छ । द्वन्द्वकाल र कोभिडका कारण केही वर्ष र्‍यालीको कार्यक्रम नभए पनि निरन्तर रुपमा मोहम्मद जयन्ती मनाउँदै आएको ज्योतिपुंज रिजविया धार्मिक शैक्षिक संस्था कमिटीले जानकारी दिएको छ ।

हजरत मोहम्मदको जन्म इस्लामी पात्रो हिजरी सम्वतको रब्बिउल औवल महिनाको १२ तारिखका दिन बुबा अब्दुल्लाह र आमा आमिनाको कोखबाट साउदीको मक्का शहरमा भएको थियो । त्यसै दिनको खुसियालीमा यस दिनलाई मुस्लिम समुदायले जश्ने ईद मिलादुन नवि(रबिउलऔवल)को रुपमा मनाउने गरिन्छ ।

भैरहवा र आसपास रहेका दर्जन बढी मस्जिद, मदरसा मुस्लिम संघसंगठन, धार्मिक संघसंस्था तथा मुस्लिम अगुवाहरुको आयोजनामा भव्य र्‍यालीसहित धार्मिक सभा, जीवनी र विश्वभर फैलाएको धार्मिक सन्देशको बारेमा चर्चा गरी जन्मदिन मनाइएको छ । मोहम्मदको निधन ६३ वर्षको उमेरमा साउदीकै मदिनामा भएको थियो ।

भैरहवासहित दोगहरा, गल्लामण्डी, पक्लिहवा, खजहना, खजुरिया, कठौतिया, उदयपुर, गोलिगढ, चैनपुर, बसन्तपुर, मदरसा र मुस्लिम समुदायको हजारौंको सहभागितामा धार्मिक झण्डा, प्लेकार्ड र इस्लामिक सन्देशका साथ नगर परिक्रमा गरेका छन् । मुस्लिम समुदायले मस्जिद मदरसा र घरघर सजाउने, एक आपसमा शुभकामना आदानप्रदान गर्ने, मिठा परिकार बनाई प्रसाद सिरनीको रुपमा दिने गरिन्छ ।

मोहम्मद जयन्तीको अवसरमा स्थानीय पालिकालगायतले स्थानीय सार्वजनिक बिदा समेत दिएको थियो ।

नेपाल सरकारले मोहम्मद जयन्तिमा सार्वजनिक बिदा दिने भनि २०६९ साल जेठ ७ गते राष्ट्रिय मुस्लिम संयुक्त गठबन्धनसँग लिखित सम्झौता गरे पनि धर्मावलम्बीहरुलाई मात्रै बिदा दिँदै आएको छ ।

## पश्चिमाञ्चल यातायात व्यवसायी समिति, प्रधान कार्यालय बुटवलको

**सूचना ! सूचना !! सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०८१।०६।०१**

यस पश्चिमाञ्चल यातायात व्यवसायी समिति प्रधान कार्यालय बुटवलमा रहेका तर प्रयोगमा आउन नसक्ने सम्पूर्ण कवाडी सामानहरु जस्तै कुर्सी, टेबल, कम्प्युटर, प्रिन्टर, ब्याट्री, पंखा, मोटर, एसी, इन्भरटर विभिन्न सवारी साधनका पार्ट पूर्जाहरु, विद्युत पोल, केबुल तार आदि लगायतका विभिन्न कवाडी सामानहरुको लिलाम विक्री गरिने हुँदा जे जस्तो अवस्थामा छन् सोही अवस्थाबाट उठाउने गरी खुल्ला बढाबढबाट विक्री गरिने हुँदा खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ ।

**१) दरखास्त फाराम शुल्क रु ५००।-**

**नोटः सम्पर्कको लागि**

**०७१-४१५४५१, ९८५७०२०१३७, ९८५७०३०७१६, ९८५७०२६४९९**

**खिम बहादुर थापा क्षेत्री**
**महासचिव**

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com